# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली,७ नं. प्रदेश,नेपाल

आ.ले.प.०७५।०७६
च.नं.

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी,कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

विषय :- प्राकृतिक श्रोतको बिक्री कार्यको ठेक्कामा दिने सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०७६।३।१

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२(क) अनुसार यस नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने IEE गरेका र घाटगद्दि तोकिएका नदी/खोलाहरूबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल, आदीको कुल संकलन घन मि.१,५८,९६८। मात्र (बिक्री प्रति घन मिटर रू.७५। भ्याट बाहेक) नदीजन्य पदार्थ बिक्री गर्न सक्ने प्रावधान बमोजिम आगामी आ.व.०७६।०७७ का लागि यस उप-महानगरपालिका बाट तोकिएको दररेट बमोजिम रोयल्टी संकलन गर्न चाहने इजाजत प्राप्त फर्म,कम्पनी वा संघ संस्थाको जानकारीको लागि यो ३० दिने सिलबन्दि आहवानको सूचना प्रकाशित गरिएको छ ।

### तपसिलका शर्तहरू

१। न्यूनतम ठेक्का अंक रू २,५५,०००००।( दुई करोड पचपन्न लाख मात्र) कायम गरिएको छ ।

२। ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले ०७७ साल जेष्ठ मसान्तसम्म कायम रहने छ

३। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाईने छैन,तोकिएको सिमाभन्दा बाहिर गई रोयल्टी संकलन गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सकिनेछ ।

४। वोलपत्र फाराम यस कार्यालयको रा.वा.बै. को खाता न. ४१७०३०४०१८९१०२ मा रू ३०००। जम्मा गरी (फिर्ता नहुने गरी) खरीद गर्न सकिने छ ।

५। वोलपत्र फाराम मिति २०७६।३।३१ गते दिनको १२ वजेभित्र खरिद गरी पेश गरिसक्नु पर्नेछ । वोलपत्र मिति २०७६।३।३१ गते दिनको २.०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

६। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगत्तै कार्यालय खुलेको दिन सोही समयमा काम हुने छ ।

७ आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७०३०३००७१०२ मा नगद जम्मा वा सो रकम वरावरको १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ । वोलपत्र समावेश गर्नका लागि कार्यालयमा हार्ड कपि वा अनलाईन www.bolpatra.gov.np/egp बाट समेत गर्न सकिनेछ ।

८। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

९। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

१०।वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११।यस कार्यालयवाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन

१२।वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र राजश्व शाखाको फोन न. ०९१५२१३२९ मा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत